म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १७५ सोमबार, २६ माघ २०८२ ने. सं. ११४६ सिल्लागा 9 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

काठमाडौं टप टेलर्स
अब टीसीएन रोडमा...
विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित काठमाडौं टप टेलर्स अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।
प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

## निर्वाचनमा चार हजार दुईसय सुरक्षाकर्मी परिचालन हुने

साझाकुरा संवाददाता

हेटौँडा, २५ माघ/ फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै मकवानपुर जिल्लामा करिब चारहजार दुई सय सुरक्षाकर्मी परिचालन गरिने भएको छ ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीका अनुसार निर्वाचन सुरक्षाका लागि नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी तथा करिब दुईहजार दुईसय जना निर्वाचन प्रहरी (म्यादी) खटाइने तयारी गरिएको छ ।

यद्यपि, जिल्लामा कति जना जनपथ प्रहरी परिचालन गरिन्छ भन्ने विषयमा हालसम्म एकिन नभएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीले बताए । खत्रीका अनुसार हाल जनपथ प्रहरी आउने-जाने क्रम जारी रहेकाले संख्या अन्तिम टुंगोमा पुग्न बाँकी छ ।

'काजमा मकवानपुरमा रहेका केही प्रहरी अन्यत्र रमाना लिएर जाने प्रक्रिया र प्रहरी प्रधान कार्यालय तथा प्रदेश प्रहरी कार्यालयबाट थप प्रहरी बल आउन बाँकी रहेकाले अबको केही दिनपछि मात्रै जनपथ प्रहरीको यकिन संख्या सार्वजनिक गर्न सकिने अवस्था छ', प्रहरी उपरीक्षक खत्रीले बताए ।



प्रशासनका अनुसार निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र सुरक्षितरूपमा सम्पन्न गराउन सुरक्षाको तयारीलाई चरणबद्ध रूपमा मजबुत बनाइँदै लगिएको छ ।

***तीन हजार बढी कर्मचारी खटिँदै***

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मकवानपुरमा तीन हजारभन्दा बढी कर्मचारी खटिने भएका छन् ।

दुई निर्वाचन क्षेत्र रहेको मकवानपुर जिल्लाको तीनसय ७४ मतदान केन्द्रमा स्वयम् सेवकसहित तीन हजार तीनसय ६६ कर्मचारी निर्वाचन अवधिमा खटिने भएका हुन् ।

बागमती प्रदेश निर्वाचन कार्यालय हेटौँडाका प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकालले एउटा मतदान केन्द्रमा आयोगबाट छ जना कर्मचारी र मतदान केन्द्र रहेको स्थलमा तीन जना स्वयम् सेवक नियुक्त गरिने जानकारी दिए ।

निर्वाचन केन्द्रित जनशक्ति व्यवस्थापन कार्य अन्तिम चरणमा पुगेको भन्दै उनले निर्वाचन कार्यालयबाट दुई हजार दुईसय ४४ जना र मतदान केन्द्रमै नियुक्त हुने स्वयम् सेवक एक हजार एकसय २२ जना कर्मचारी मतदान अवधिभर परिचालन हुने बताए ।

उहाँका अनुसार यसबाहेक निर्वाचनमा निर्वाचन स्थलको संवेदनशीलता र आवश्यकताका आधारमा निर्वाचन प्रहरी परिचालन हुने छन् ।

४० वटा वडा रहेको मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ मा ६२ वटा मतदान स्थल र एकसय ७८ वटा मतदान केन्द्र छन् । ६२ वटा वडा रहेको क्षेत्र नम्बर २ मा एकसय ५ वटा मतदान स्थल र एकसय ९६ वटा मतदान केन्द्र छन् । यी मतदान केन्द्रबाहेक जिल्लाको पूर्व सदरमुकामस्थित भीमफेदी कारागारमा र कर्मचारीका लागि हेटौँडा अस्थायी मतदान केन्द्र रहने भएको छ । कति वटा मतदान केन्द्र रहने भन्ने निर्णय प्रक्रियामा रहेको प्रदेश निर्वाचन अधिकारी ढकालले बताए ।

मकवानपुरमा कूल मतदाता तीनलाख १५ हजार तीनसय ३४ कायम भएको छ । निर्वाचन क्षेत्र नम्बर १ मा पुरुष ७९ हजार छसय २१, महिला ७८ हजार आठसय १० र अन्य चार गरी एकलाख ५८ हजार चारसय ३५ र क्षेत्र नम्बर २ मा ८२ हजार तीनसय ३२ पुरुष, ७४ हजार पाँचसय ६६ महिला र एक अन्य गरी एकलाख ५६ हजार आठसय ९९ मतदाता छन् । उनले निर्वाचनका लागि मसी, मतपेटिका लगायतका ५२ प्रकारका सामग्री पर्ने भन्दै केही सामग्री कार्यालयमा रहेको र कतिपय सामान आयोगबाट व्यवस्थापन आउने क्रममा रहेको बताए ।

## जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता फागुन ११ गतेबाट



साझाकुरा संवाददाता

हेटौँडा, २५ माघ/ १६ औं संस्करणको मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आगामी फागुन ११ गतेबाट सुरु हुने भएको छ ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा फागुन ११ गतेबाट प्रतियोगिता हुने भएको हो । आइतबार हेटौँडा-४, स्थित जिल्ला खेलकुद विकास समितिको कार्यालयमा खेलकुदका अध्यक्ष राजकुमार मोक्तानको सभाध्यक्षमा बसेको बैठकले फागनु १३ गतेसम्म राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको आयोजना गर्ने निर्णय गरेको हो ।

प्रतियोगितामा ६ विधाका खेलहरु सञ्चालन हुने जिल्ला खेलकुद विकास समितिका अध्यक्ष मोक्तानले बताएका छन् । राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताअन्तर्गत् भलिबल, उसु, तेक्वान्दो, कराँते, एथ्लेटिक्स र कब्यीको खेलहरु सञ्चालन हुने खेलकुदका अध्यक्ष मोक्तानले बताए । प्रतियोगिताको उद्घाटन हेटौँडा-४, स्थित हुप्रचौरमा हुने उनले बताए ।

भलिबल हेटौंडा-४, स्थित हुप्रचौरको भलिबल कोर्टमा, एथ्लेटिक्स हुप्रचौरमा, उसु, तेक्वान्दो र कराँते हेटौंडा-४ पारिजातपथस्थित बहुउद्देश्यीय कभर्ड हलमा उनले बताए । मकवानपुरको विभिन्न पालिकाहरुबाट सम्पन्न भएको पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताबाट छनौट भएर आएका खेलाडीहरुले जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी हुन पाउने छन् ।

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका, बकैया गाउँपालिका, मनहरी गाउँपालिका, बागमती गाउँपालिका, भीमफेदी लगायतका पालिकाहरुमा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न भइसकेको हेटौंडा उपमहानगरपालिका, मकवानपुरगढी गाउँपालिकासहित अन्य केही पालिकाहरुमा प्रतियोगिता हुन बाँकी रहेको बताइएको छ ।

पालिकास्तरीय प्रतियोगिताबाट छनौट भएका खेलाडीहरुलाई जिल्लाहुँदै राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी गराउन, खेलाडीको कलालाई प्रस्फुटन गर्न, उनीहरुको क्षमताको विकास गर्न खेलप्रतिको रुचिलाई बढाउन प्रतियोगिताको आयोजना गर्न लागिएको उनले बताए । उनले राष्ट्रिय र राष्ट्रियतालाई चिनाउनका लागि खेलकुदले महत्वपूर्ण भूमिका निर्वाह भएकोले यस्ता प्रकारका प्रतियोगिताहरुको आयोजना गर्न आवश्यक रहेको बताए ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने मेडलसहित क्रमश: स्वर्ण, रजत र काँस्य पदकसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्रतियोगिताको उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिता सम्पन्न गर्नका लागि करिब ८ लाख रुपैयाँको बजेट खर्च हुने अनुमान गरिएको खेलकुदका सदस्य मदन उप्रेतीले जानकारी गराएका छन् । प्रतियोगितामा १० वटा पालिकाहरुबाट करिब २ हजार जनाको हाराहारीमा खेलाडीहरु सहभागी हुने अनुमान गरिएको उनले बताए ।

गतवर्षको १५ औं संस्करणको राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता उपाधि हेटौंडा उपमहानगरपालिकाले १५ स्वर्ण, १० रजत र ९ कांस्य पदक हासिल गर्दै जितेको थियो भने बकैया गाउँपालिकाले १३ स्वर्ण, ५ रजत र १० कास्य पदक हासिल गर्दै उपविजेता बनेको थियो । यस्तै, तृतीय भएको थाहा नगरपालिकाले ११ स्वर्ण, ९ रजत र ६ कास्य पदक प्राप्त गरेको थियो ।

गतवर्ष इन्द्रसरोवर गाउँपालिका प्रतियोगितामा सहभागी भएको थिएन । जिल्लास्तरीय प्रतियोगिताबाट छनौट भएका खेलाडीहरुले प्रदेशस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी हुन पाउने छन् । बैठकमा आर्मी, पुलिससहित विभिन्न खेल क्षेत्रमा आवद्ध भएका पदाधिकारीहरुको उपस्थिति थियो ।

## हेटौंडा-७ मा एमालेको वडास्तरीय भेला

साझाकुरा संवाददाता

हेटौँडा, २५ माघ/ नेकपा (एमाले) हेटौँडा उपमहानगर पालिका-७ नम्बर वडा कमिटीको आयोजनामा निर्वाचन लक्षित वडास्तरीय कार्यकर्ता भेला सम्पन्न भएको छ ।

भेलालाई सम्बोधन गर्दै प्रमुख अतिथि नेकपा (एमाले) का नेता एवम् बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले आगामी निर्वाचनमा एमालेले बहुमत ल्याउने दाबी गरेका छन् । उनले एमाले नेतृत्वमा भएका सरकारहरूले मुलुकको पुनर्निर्माण, विकास र राष्ट्रियताको पक्षमा महत्वपूर्ण काम गरेको उल्लेख गर्दै ती उपलब्धिहरूलाई जनतामाझ लिएर जान कार्यकर्तालाई आग्रह गरे । साथै उनले देशको स्वाधीनता, स्थायित्व र समृद्धिका लागि एमाले नै भरोसायोग्य शक्ति भएको धारणा राखेका छन् ।




## थाहामा निर्वाचन प्रहरीको तालिम



साझाकुरा संवाददाता

हेटौँडा, २५ माघ/ आगामी फागुन २१ गते हुने निर्वाचनलाई लक्षित गर्दै थाहा नगर पालिकामा निर्वाचन प्रहरीको तालिम सुरु गरिएको छ ।

नेपाल प्रहरीतर्फको इलाका प्रहरी कार्यालय पालुङको आयोजनामा सञ्चालन गरिएको तालिममा २ जना महिला र ३२ जना पुरुष गरी जम्मा ३४ जना निर्वाचन प्रहरी सहभागी छन् ।

निर्वाचन प्रहरीमा दरखास्त दिई मुख्यतर्फ उत्तीर्ण उम्मेदवारको नियुक्तिसँगै इलाका प्रहरी कार्यालय मातहतमा परेकाहरूलाई तालिम दिइएको इलाका प्रहरी कार्यालय पालुङका प्रमुख रुक्सा बज्राचार्यले जानकारी दिएका छन् । उनका अनुसार तालिममार्फत् निर्वाचन अवधिमा आवश्यक पर्ने सुरक्षा व्यवस्थापन सम्बन्धी व्यावहारिक ज्ञान र सीप प्रदान गरिँदैछ ।

तालिममा शारीरिक व्यायाम, लाठी चलाउने तरिका, निर्वाचन अवधिमा सुरक्षा निकाय र निर्वाचन प्रहरीको काम, कर्तव्य तथा अधिकार, मतदान स्थल र मतदान केन्द्रको संरचना, सम्भावित विपद् जोखिम तथा त्यसबाट बच्ने र बचाउने उपाय, भिड नियन्त्रण र प्राथमिक उपचार सम्बन्धी आधारभूत प्रशिक्षण समावेश गरिएको छ ।

जिल्लाभर निर्वाचन प्रहरीका लागि हेटौंडा-४ हुप्राको चौर, भुटनदेवी माध्यमिक विद्यालयको चौर, इलाका प्रहरी कार्यालय पालुङ, फापरबारी, मनहरी, ठिगन, मकवानपुरगढी, हेटौंडा सानो पोखरा र पशुपतिनगरलगायतका स्थानमा तालिम सुरु गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डीएसपी पुष्कर बोगटीका अनुसार जिल्लाभर दुई हजार एकसय दुई जना निर्वाचन प्रहरीलाई १० दिनसम्म तालिम प्रदान गरिँदैछ । तालिममा निर्वाचन प्रहरीले सुरक्षाकर्मीसँग समन्वय गरेर गर्नुपर्ने कामको प्रकृति, आचार संहिता तथा अनुशासनसम्बन्धी प्रशिक्षण दिइनेछ । हरेक १ सय जना निर्वाचन प्रहरीलाई दुई जना प्रशिक्षक प्रहरीले तालिम प्रदान गरि रहेका छन् । तालिमपछि निर्वाचन प्रहरीलाई मतदान प्रक्रिया सुरक्षित, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गराउन प्रभावकारी रूपमा परिचालन गरिने जनाइएको छ ।

## हेटौंडाबाट २ किलो अफिमसहित दुई जना पक्राउ



साझाकुरा संवाददाता

हेटौँडा, २५ माघ/ मकवानपुर प्रहरीले २ किलो लागूऔषध अफिमसहित दुई जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार हेटौंडा-११ थानाभन्ज्याङस्थित सडकमा शंकास्पद रूपमा गुडिरहेको ना.४५ प ६४१८ नम्बरको पल्सर मोटरसाइकललाई रोकि जाँच गर्ने क्रममा लागूऔषध बरामद गरिएको हो ।

प्रहरीले मोटरसाइकलमा सवार राक्सिराङ गाउँपालिका-४ निवासी २८ वर्षीय रबिन्द्र सिन्तान र सोही स्थानका ३६ वर्षीय रामबहादुर डिम्डुङलाई नियन्त्रणमा लिई खानतलासी गर्दा उनीहरूको साथबाट २ किलो प्रतिबन्धित लागूऔषध अफिम फेला परेको जनाएको छ ।

बरामद गरिएको लागूऔषध र मोटरसाइकल जफत गरी पक्राउ परेका दुवै जनालाई मकवानपुर जिल्ला अदालत, हेटौंडाबाट म्याद अनुमति लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

साझाकुरा

## हाम्रो कुरा

# शिक्षामा एआई: शिक्षक सशक्तीकरणतर्फको सार्थक पहल

डिजिटल युगसँगै शिक्षण प्रणाली तीव्र रूपमा परिवर्तन भइरहेको छ । यस्तो परिवेशमा विज्ञान शिक्षकका लागि आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सम्बन्धी तालिमको आयोजना हुनु समयसापेक्ष र दूरदर्शी कदम हो । विज्ञान शिक्षक समाज नेपाल मकवानपुरले भुटनदेवी माध्यमिक विद्यालयमा आयोजना गरेको एकदिने एआई तालिमले शिक्षकलाई प्रविधिमैत्री बनाउँदै आधुनिक शिक्षणतर्फ उन्मुख गराउने सकारात्मक सन्देश दिएको छ । जिल्लाभरका ५८ जना विज्ञान शिक्षकको सहभागिताले शिक्षकमाझ नयाँ प्रविधिप्रतिको चासो र सिक्ने इच्छाशक्ति प्रष्ट देखाउँछ । एआई केवल सूचना प्रविधिको विषय नभई आज शिक्षण-सिकाइ प्रक्रियाको अभिन्न अङ्ग बन्दै गएको यथार्थलाई यस तालिमले उजागर गरेको छ । पाठ तयारी, सिकाइ मूल्यांकन, व्यक्तिगत सिकाइ आवश्यकताको पहिचानदेखि अनुसन्धान र नवप्रवर्तनसम्म एआईको प्रयोग शिक्षामा सम्भावनायुक्त छ । शिक्षक स्वयं प्रविधिसँग अद्यावधिक नहुने हो भने विद्यार्थीलाई व्यवहारिक र भविष्य-उन्मुख शिक्षा दिन सकिँदैन ।

शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरीले शिक्षकको क्षमता अभिवृद्धिमा यस्ता तालिमको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्नु अर्थपूर्ण छ । शिक्षक सशक्त भए मात्र गुणस्तरीय शिक्षा सम्भव हुन्छ । विशेषगरी विज्ञान शिक्षामा एआईको प्रयोगले जटिल अवधारणालाई सरल, दृश्यात्मक र अन्तरक्रियात्मक बनाउन सहयोग पुऱ्याउँछ । यसले विद्यार्थीको रुचि बढाउनुका साथै आलोचनात्मक सोच र समस्या समाधान क्षमतामा पनि योगदान दिन्छ । विज्ञान शिक्षक समाज नेपाल मकवानपुरले पेशागत विकास र प्रविधिमैत्री शिक्षाको विस्तारका लागि निरन्तर कार्यक्रम सञ्चालन गर्दै आएको प्रतिबद्धता स्वागतयोग्य छ । तर यस्ता पहल एकदिने तालिममै सीमित नरही दीर्घकालीन रणनीतिसहित अगाडि बढ्न आवश्यक छ । तालिमपछि पनि अभ्यास, सहकार्य, अनलाइन प्लेटफर्ममार्फत निरन्तर सिकाइ र अनुभव आदान-प्रदानको व्यवस्था गरिनुपर्छ ।

शिक्षामा एआईको प्रयोगले अवसरसँगै चुनौती पनि ल्याउँछ । प्रविधिको जिम्मेवार प्रयोग, नैतिकता र मानवीय मूल्यको संरक्षणलाई समानान्तर रूपमा अघि बढाउनुपर्छ । शिक्षकलाई केवल प्रयोगकर्ता होइन, सचेत मार्गदर्शक बनाउने लक्ष्य राखिएमा मात्र यस्ता तालिमको वास्तविक सार्थकता स्थापित हुनेछ । मकवानपुरबाट सुरु भएको यो पहलले अन्य जिल्लाका शिक्षक र निकायलाई पनि प्रेरणा दिने अपेक्षा गर्न सकिन्छ ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ २७ गते मंगलबार १० फेब्रुअरी २०२६ । नवमी, फागुन कृष्णपक्ष । सिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:४७ सूर्यास्त ५:५० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कार्यमा ढिलाइ | **तुला** | : आफन्तबाट सहयोग |
| **वृष** | : ऋण र शत्रु वृद्धि | **वृश्चिक** | : शत्रुबाट बाधा सृजना |
| **मिथुन** | : शैक्षिक कार्यमा सफलता | **धनु** | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| **कर्कट** | : परिवारमा विवाद | **मकर** | : रोकिएका काम बन्नेछ |
| **सिंह** | : खिन्नता रहने | **कुम्भ** | : व्यापारमा विशेष फाइदा हुनेछ |
| **कन्या** | : शैक्षिक कार्यमा सफलता | **मीन** | : शत्रु सजिलै हराउन सकिनेछ |

# सहकारीको नियमन र केही सुझाव



डा. रूप खड्का

सहकारी संस्था सदस्यहरूले आफ्ना साझा आवश्यकता र आकांक्षा पूरा गर्न आफैं स्थापना गरेका स्वायत्त र स्वशासित संस्थाहरू हुन् । यी संस्था सामूहिक स्वामित्वमा आधारित र 'एक सदस्य, एक मत' को सिद्धान्तमा आधारित लोकतान्त्रिक विधिबाट सञ्चालन हुन्छन् । सिद्धान्तत: सहकारीहरू प्रशासनिक, राजनीतिक वा अन्य कुनै बाह्य हस्तक्षेपबाट मुक्त भएर स्वतन्त्र रूपमा चल्नुपर्छ ।

**नियमनको आवश्यकता**

सहकारीलाई सफल बनाउन स्वायत्तता मात्र पर्याप्त हुँदैन । स्वशासित सहकारीहरूलाई पनि प्रभावकारी रूपमा सञ्चालन हुन बलियो, सक्षम र विश्वसनीय नियामक प्रणाली आवश्यक पर्छ । नियमनले सहकारीको लोकतान्त्रिक चरित्र सुरक्षित गर्छ र पारदर्शिता, उत्तरदायित्व र वित्तीय अनुशासन कायम गर्छ । यसले सदस्यहरूको बचतको सुरक्षा गर्छ, ठगी, कुप्रबन्धन र शक्तिशाली समूहद्वारा हुने नियन्त्रणलाई रोक्छ, र निर्वाचित नेतृत्वलाई व्यक्तिगत फाइदा वा बाह्य स्वार्थभन्दा माथि उठेर सदस्यहरूको हितमा काम गर्न बाध्य बनाउँछ । उचित र प्रभावकारी नियामक संरचनाले अत्यधिक नियन्त्रण गरेर सहकारीको स्वायत्तता कमजोर बनाउँदैन । बरु, सहकारी संस्थाको स्वायत्तताको सम्मान गर्दै आवश्यक मार्गदर्शन र निगरानी प्रदान गर्छ र तिनीहरूलाई आर्थिक र सामाजिक दुवै उद्देश्य पूरा गर्ने सदस्य-केन्द्रित संस्थाका रूपमा मजबुत बनाउँछ ।

**नेपालमा सहकारी नियमन व्यवस्था**

नेपालमा सहकारी नियमनको इतिहास लामो छ । यस प्रयोजनका लागि २०१० सालमै सहकारी विभाग स्थापना भएको थियो भने २०१३ मा नेपालको पहिलो सहकारीको रूपमा स्थापना भएको चितवनको बखानपुर सहकारी ऋण समिति लगायतका सहकारी संस्थाहरूको व्यवस्थापन तथा नियमन प्रारम्भमा राप्ती उपत्यका विकास परियोजना अन्तर्गतको सहकारी विकास केन्द्र मार्फत भएको थियो । २०१५ मा सहकारी विभागका कर्मचारीहरूलाई ग्रामीण विकास ब्लकको प्रशासनिक नियन्त्रणमा रहने गरी जिल्लास्तरमा सहकारी प्रवर्धन सम्बन्धी गतिविधिहरू सञ्चालन गर्न जिम्मेवार बनाइएको थियो । २०२० मा ग्रामीण विकास ब्लकहरूलाई जिल्ला पञ्चायत सहकारी शाखामा परिणत गरिएको थियो भने त्यसपछि सहकारीको नियमन गर्नका लागि सहकारी विभाग अन्तर्गत विभिन्न जिल्लामा सहकारी कार्यालयहरू स्थापना गरिएका थिए ।

२०५८ सम्म कालीकोट, खोटाङ, डोल्पा, मनाङ, मुगु, रोल्पा र हुम्ला बाहेकका ६८ जिल्लामा जिल्ला सहकारी कार्यालयहरू स्थापना गरिएका थिए । मिति २०६१ वैशाख १ गतेदेखि लागू हुने गरेर ६८ जिल्ला सहकारी कार्यालयहरूको सट्टा एउटा डिभिजन सहकारी कार्यालयले बढीमा ५ जिल्लासम्म हेर्न पाउने गरेर ३३ जिल्लामा डिभिजन सहकारी कार्यालय र कास्की, कैलाली, चितवन, बाँके र सुनसरी गरी ५ जिल्लामा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय रहने व्यवस्था गरिएको थियो । मुलुकमा संघीय व्यवस्था लागू भएपछि २०७४ मा राज्यको पुनर्संरचना गर्ने क्रममा सहकारी विभाग अन्तर्गतका डिभिजन सहकारी कार्यालय र सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयमा रहेको सहकारी संघ-संस्थाहरूको सम्पत्ति सहितको अभिलेख नियमन गर्ने क्षेत्राधिकार अनुसार प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गरिएको थियो ।

वि.सं. २०७५ मा डिभिजन सहकारी कार्यालय र सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयहरू खारेज गरेर संघीय तहमा सहकारीको नियमन गर्न सहकारी विभाग मात्र कायम गरिएको थियो भने प्रदेश तहका सहकारीसँग सम्बन्धित दर्ता, अभिलेख र अनुगमनको जिम्मेवारी प्रदेश र स्थानीय तहका सहकारीसँग सम्बन्धित दर्ता, अभिलेख र अनुगमनको जिम्मेवारी स्थानीय तहलाई हस्तान्तरण गरिएको थियो । अर्कोतर्फ बचत तथा ऋण सरकारी र बचत तथा ऋणको मुख्य कारोबार गर्ने बहुउद्देश्यीय सहकारीलाई नियमन गर्नका लागि २०८१ मा राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना गरिएको थियो । २०४८ को सहकारी ऐनले सहकारीले नेपाल राष्ट्र बैंकको स्वीकृतिमा बैंकिङ कारोबार गर्न सक्ने व्यवस्था गरेको थियो । सो ऐनमा २०५७ मा गरिएको संशोधन अनुसार सहकारीले आफ्ना सदस्यहरूभित्र मात्र सीमित रही निक्षेप स्वीकार र कर्जा दिनुपर्ने व्यवस्था गरेपछि २०५८ देखि नेपाल राष्ट्र बैंकले बचत तथा ऋण सहकारीलाई सीमित बैंकिङ कारोबारको इजाजत दिन थाल्यो र यस सन्दर्भमा राष्ट्र बैंकले २०५९ मा निर्देशिका जारी गरेको थियो । त्यस अनुसार यी सहकारीहरूले पूँजी सम्बन्धी मापदण्ड पूरा गर्नुपर्ने र वित्तीय स्थिरता तथा निक्षेपकर्ताको सुरक्षा सुनिश्चित गर्नुपर्ने व्यवस्था भएको थियो ।

शुरुमा यस्तो इजाजत प्राप्त सहकारीहरूको संख्या बढे पनि, कडा नियमन र पूँजी मापदण्ड पूरा गर्न नसक्दा संख्या क्रमश: घट्दै गयो । अन्तत: सहकारी ऐन, २०७४ ले सीमित बैंकिङ कारोबार गर्ने व्यवस्था नै हटाएपछि हाल कुनै पनि सहकारीलाई बैंकिङ कारोबार गर्ने कानूनी अधिकार छैन । अर्कोतर्फ नेपाल राष्ट्र बैंक ऐनमा भएको पछिल्लो संशोधनबाट नेपाल राष्ट्र बैंकले बचत तथा ऋण सहकारीलाई सुपरीवेक्षण गर्न सक्ने प्रावधान गरेको छ । सहकारी ऐनले जिल्ला, प्रदेश तथा केन्द्रीयस्तरका सहकारी संघहरू र राष्ट्रिय सहकारी महासंघलाई पनि आफ्ना सदस्यको काम-कारबाहीको निरीक्षण र अनुगमन गरेर सोको प्रतिवेदन सहकारी कार्यालय तथा विभागलाई दिनुपर्ने व्यवस्था गरेको छ ।

**सहकारी नियमनको समीक्षा**

सहकारी ऐनले भूमिसुधार, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग र अन्तर्गत कार्यालयलाई सहकारीको नियमन गर्ने अधिकार दिएको भए पनि सहकारीको प्रभावकारी किसिमले नियमन हुन सकेन । केन्द्रले सहकारीलाई नियमन गर्न नसकेको अवस्थामा बाल्यावस्थामै रहेका प्रदेश तथा स्थानीय सरकार बाट सहकारीको प्रभावकारी नियमन हुने कुरै भएन । यसैगरी सहकारी संघहरू र राष्ट्रिय सहकारी महासंघ पनि सहकारीलाई निरीक्षण र अनुगमन गर्न उदासीन नै रहे भने नेपाल राष्ट्र बैंक पनि यस मामलामा चुकेकै हो । सहकारीको नियमन प्रभावकारी नहुनुमा विभिन्न कारण जिम्मेवार छन् । सर्वप्रथम त सहकारीलाई नियमन गर्नका लागि आवश्यक संस्थागत व्यवस्था र उपयुक्त जनशक्ति तयार गर्ने सन्दर्भमा प्रारम्भदेखि नै दीर्घकालीन सोच अपनाइएन ।

उदाहरणका लागि सहकारी विभागलाई शुरुमा योजना विकास तथा कृषि मन्त्रालयअन्तर्गत राखिएकोमा त्यसपछि खाद्य, कृषि तथा वन मन्त्रालय, पञ्चायत मन्त्रालय, भूमिसुधार, कृषि तथा खाद्य मन्त्रालय, भूमि सुधार मन्त्रालय, कृषि मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय हुँदै २०७५ देखि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत राखिएको छ । यसरी सहकारी नियमनको जिम्मेवारी पाएको प्रमुख निकाय सहकारी विभागलाई पटक-पटक फरक मन्त्रालयमा सारिंदा सधैं अस्थिरताले छाइरह्यो र त्यस्तो अस्थिर संस्थामा वित्तीय निगरानीमा दक्ष र प्रशिक्षित जनशक्तिको विकास हुन सकेन । यति मात्र नभई २०१६ को सहकारी ऐन सहकारीका सिद्धान्त र अन्तर्राष्ट्रिय असल अभ्यास अनुरूप तय गरिएको भए पनि सहकारीलाई नियमन तथा सञ्चालन गर्ने सन्दर्भमा लामो समयसम्म गैरसहकारी अभ्यासहरू भए ।

उदाहरणका लागि सहकारीलाई उच्च प्राथमिकता दिएर साझाका नामले सहकारीको विकास गर्नका लागि राजा महेन्द्रको प्रमुख संरक्षकत्वमा वि.सं. २०१८ मा विश्वबन्धु थापाको अध्यक्षतामा केन्द्रीय साझा संस्था लि. स्थापना गरिएको र त्यसपछि सो संस्थाको अध्यक्षता रणधीर सुब्बा, भोजराज घिमिरे र कमलराज रेग्मी जस्ता पञ्चायत व्यवस्थाका हस्तीहरूबाट गरिएको भएतापनि यो अभ्यास सहकारीको तलबाट माथि (बटम-अप) भन्ने दृष्टिकोणसँग त्यति मेल खाँदैनथ्यो ।

यसैगरी सहकारीमा २०२५ देखि लागू गरिएको निर्देशित सहकारीको अवधारणा, गाउँ पञ्चायत, जिल्ला पञ्चायत जस्ता राजनीतिक संस्थाहरूले सहकारी सञ्चालन गर्ने व्यवस्था तथा २०२७ देखि २०३२ सम्म सहकारीको व्यवस्थापन कृषि वकास बैंक मार्फत गरिएको अभ्यास पनि सहकारीको मूलमान्यता अनुरूप थिएनन् । यसरी लामो समयसम्म सहकारी सरकारी क्षेत्रबाट निर्देशित भएकोले सहकारीको सदस्य स्वामित्व र आत्मनिर्भरता कमजोर बनायो भने सहकारी अनुसार हुनुपर्ने सञ्चालक समिति, साधारण सभा तथा अन्य कामकारबाही नाम मात्रका भए, सहकारीको मूल मान्यता अनुरूप भएनन् । यसैगरी सहकारी संघ र महासंघको नेतृत्व चयन क्षमताभन्दा पनि राजनीतिक निष्ठाका आधारमा पनि गर्ने परिपाटीले नियामक व्यवस्थालाई बलियो नभई कमजोर बनायो । साथै केही वर्षदेखि सहकारीमा पैसा तथा शक्तिको आडमा बिचौलिया तथा डनहरूको प्रवेशले पनि सहकारीको नियमन प्रभावकारी हुन नसकेको हो । खासगरी बचत तथा ऋण सहकारीहरूको तीव्र विस्तारसँगै नियमनका चुनौती बढ्दै गए । कमजोर अनुगमन, दक्ष जनशक्तिको अभाव र विभाजित नियामक संरचनाका कारण केही सहकारीमा गम्भीर वित्तीय अनियमितता देखा परे । यसले लाखौं सदस्यलाई आर्थिक संकटमा पाऱ्यो र सहकारीप्रतिको जनविश्वास कमजोर बनायो । सहकारीको दुरुपयोग गर्नेहरूलाई सम्बन्धित संघ-संस्थाहरूले समयमै चेतावनी दिन सकेनन् र नियामक निकायहरूको हस्तक्षेप क्षमता पनि सीमित रह्यो ।

**सुझावहरू**

नेपालको सहकारी आन्दोलन धेरै उतारचढाव पार गर्दै यहाँसम्म आइपुगेको छ । यसको दिगो विकासका लागि आजको एउटा महत्वपूर्ण आवश्यकता भनेको सदस्यहरूको हित र बचतको सुरक्षा गर्दै सहकारीको स्वशासन र लोकतान्त्रिक मूल्यलाई अझ सुदृढ बनाउने नियामक प्रणालीको स्थापना हो जसले सहकारीलाई सदस्य र समुदाय केन्द्रित बलिया संस्थाका रूपमा रूपान्तरण गर्न सहयोग गर्न सकोस् । सहकारीलाई समावेशी आर्थिक विकास, सामाजिक ऐक्यबद्धता र स्थानीय लोकतन्त्रको मजबुत आधार बनाउन स्वायत्तता र प्रभावकारी नियमनलाई सँगसँगै अघि बढाउनुपर्ने सन्दर्भमा सहकारी ऐन २०७४ अनुसार स्वायत्त र स्वनियममा सञ्चालन हुने गरी स्थापित सहकारीलाई सहकारीका मूल्य र मान्यता अनुरूप चल्ने गरेर प्रभावकारी रूपमा मार्गदर्शन दिनसक्ने नियामक व्यवस्था स्थापना गरिनुपर्दछ ।

हाल नेपालका सहकारी क्षेत्रमा देखिएको गम्भीर समस्या भनेको केही टाठाबाठाहरूले पैसा र शक्तिको आडमा सञ्चालन गरेका बचत तथा ऋण सहकारीमा देखिएको बेथिति हो, जुन कमजोर र अप्रभावकारी नियमनका कारण मौलाएको हो । यही यथार्थलाई आत्मसात् गर्दै २०८१ मा राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना गरिएको हो । यस प्राधिकरणको व्यवस्थापकीय तहमा सहकारी क्षेत्रका विज्ञ तथा अनुभवी पेशेवर व्यक्तिहरू चयन गरिएकाले विगतमा विभिन्न नियामक निकायहरूको नेतृत्वको चयन योग्यता, अनुभव र इमानदारीभन्दा पनि राजनीतिक भागबण्डा, व्यक्तिगत तथा पारिवारिक स्वार्थ तथा बिचौलियाको प्रभाव जस्ता फोहोरी तत्वबाट प्रभावित हुँदा उत्पन्न हुने विवाद यस प्राधिकरणमा देखिएन । यही संस्थागत विश्वसनीयताका कारण बैंकिङ क्षेत्रमा नेपाल राष्ट्र बैंकले खेलेको भूमिका जस्तै भूमिका सहकारी क्षेत्रमा यस प्राधिकरणले निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

मुख्य रूपमा बचत तथा ऋण कारोबार गर्ने सहकारीहरूको नियमन र सुशासन सुनिश्चित गर्ने उद्देश्यले प्राधिकरणले सहकारी दर्ता तथा अभिलेख व्यवस्थापन मापदण्ड, २०२२ जारी गरेको छ । सो मापदण्डअनुसार सहकारी दर्ता र अभिलेख व्यवस्थापनका लागि डिजिटल सफ्टवेयर प्रणाली विकास गरिएको छ । प्राधिकरणले सहकारी संस्थाहरूलाई तोकिएको समयभित्र आवश्यक विवरण डिजिटल प्रणालीमा प्रविष्ट गर्न आह्वान गरेको छ र सोही विवरणका आधारमा विद्युतीय माध्यमबाट सञ्चालन अनुमति प्रदान गर्ने व्यवस्था लागू गरिएको छ । यस प्रणाली मार्फत दर्ता भएपछि सहकारी संस्थाका अद्यावधिक विवरण प्राप्त हुने, पारदर्शिता कायम हुने, ठगी र अनियमितता न्यूनीकरण हुने तथा नियामक निकाय र सहकारी बीच नियमित समन्वय कायम हुने अपेक्षा गरिएको छ ।

सहकारी नियमनलाई प्रभावकारी बनाउने सन्दर्भमा विचार गर्नुपर्ने अर्को विषय भनेको नेपालको विभाजित नियामक संरचना हो । हाल सहकारी नियमनको जिम्मेवारी स्थानीय सरकार, प्रदेश सरकार, सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण र नेपाल राष्ट्र बैंक बीच बाँडिएको छ । उदाहरणका लागि स्थानीय सरकारको अधिकार क्षेत्रभित्रका अन्य सहकारी झैं मुख्य रूपमा बचत तथा ऋण कारोबार गर्ने सहकारीहरूको प्रारम्भिक दर्ताका साथै अनुगमन र निरीक्षणको जिम्मा स्थानीय सरकारको हो । त्यसका अतिरिक्त बचत तथा ऋण कारोबार गर्ने सहकारीहरू सञ्चालन गर्नका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट इजाजत लिनुपर्दछ र तिनीहरूको नियमन प्राधिकरणबाट हुन्छ । बचत तथा ऋण सहकारी र ठूलो मात्रामा वित्तीय कारोबार गर्ने बहुउद्देश्यीय सहकारीको वित्तीय विश्लेषण र प्रभावकारी निगरानीका लागि आवश्यक प्राविधिक दक्षता हाल स्थानीय तहसँग पर्याप्त छैन । यस्तो क्षमता विकास गर्न समय लाग्ने भएकाले स्थानीय तहको क्षमता विकास नभएसम्म सबै वित्तीय सहकारीको नियमन राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट नै गरिनु उपयुक्त देखिन्छ ।

तर, दीर्घकालीन रूपमा भने हालको विभाजित नियामक संरचनाका वैकल्पिक मोडेलहरूबारे विचार गर्नुपर्ने हुन्छ । उदाहरणका लागि स्थानीय सरकार साना र मध्यमस्तरका बचत तथा ऋण सहकारीको वित्तीय विश्लेषण लगायत सबै नियामक व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्षम भएपछि त्यो जिम्मेवारी स्थानीय सरकारलाई नै सुम्पिनु आवश्यक हुन सक्छ । वाणिज्य तथा विकास बैंक लगायतका वित्तीय संस्थाहरूसँग प्रतिस्पर्धी गर्ने खालका ठूला बचत तथा ऋण सहकारी र ठूलो मात्रामा वित्तीय कारोबार गर्ने बहुउद्देश्यीय सरकारीको नियमन गर्ने स्वाभाविक थलो नेपाल राष्ट्र बैंक बन्न सक्छ र अन्तर्राष्ट्रिय असल अभ्यास पनि यही हो । सहकारीको नियमन गर्ने जुनसुकै निकाय भए पनि प्रभावकारी रूपमा नियमन गर्न सक्ने सक्षम जनशक्ति र पर्याप्त स्रोतको व्यवस्था गरिनु जरूरी हुन्छ । स्थानीय सरकार, प्रदेश सरकार, सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण र नेपाल राष्ट्र बैंकले आ-आफ्नो अधिकार क्षेत्रभित्रका सहकारीको प्रभावकारी रूपमा नियमन गर्नका लागि मापदण्ड जारी गर्ने, संस्थाको अनुगमन गर्ने, सहकारी सुशासन प्रवर्द्धन गर्ने, तालिम र सचेतना कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्यहरूलाई निरन्तर रूपमा जारी राख्नुपर्दछ ।

**निष्कर्ष**

नेपालको सहकारी आन्दोलन अनेक प्रयोग, सुधार र कठिन अनुभव हुँदै अघि बढेको छ । २००७ सालमा प्रजातन्त्रको उदय भएलगत्तै सहकारीलाई नियमन गर्नको लागि २०१० सालमै सहकारी विभाग गठन हुनु, २०११ देखि नै सहकारी कानून निर्माण गर्ने सुरसार हुनु, २०१३ देखि नै विकास योजनामा सहकारीलाई महत्वपूर्ण स्थान दिइनु र २०१६ मा सहकारीका मूल्यमान्यतालाई आत्मसात् गरेर कानून बन्नु सहकारी आन्दोलनका शुरुको चरणका महत्वपूर्ण उपलब्धि हुन् । सहकारी संस्थाको विकास भने स्थानीय समुदायबाट स्वत:स्फूर्त रूपमा शुरु गरिएको नभई राज्यको पहलमा भएको देखिन्छ । नेपालको पहिलो सहकारी बखानपुर सहकारी ऋण समिति नै २०११ मा स्थापना भएको राप्ती दुन विकास परियोजनाको पहलमा शुरु गरिएको थियो भने २०१८ देखि साझाका नाममा केन्द्रले शुरू गरिएको सहकारी, गाउँ/जिल्ला पञ्चायत मार्फत सञ्चालन गरिएको सहकारी, निर्देशित सहकारी र कृषि विकास बैंकले व्यवस्थापन गरेका सहकारी संस्थाहरूको सञ्चालन भने सहकारीको मूल्यमान्यता तथा सिद्धान्तभन्दा टाढा थियो ।

यसरी राज्य-निर्देशित सहकारीको अनुभवले अत्यधिक नियन्त्रणले सदस्य स्वामित्व र आत्मनिर्भरता कमजोर बनाएर सहकारीको स्वस्थ विकास हुँदैन भन्ने महत्वपूर्ण पाठ सिकाएको छ । अर्कोतर्फ २०४८ पछि स्वायत्त तथा स्वनियममा सञ्चालन हुने मान्यताका आधारमा विकसित भएका सहकारीहरूमध्ये सहकारीलाई गैरसहकारी रूपमा दुरुपयोग गर्ने बेइमानले सञ्चालन गरेका सहकारीको प्रभावकारी नियमन नभएकोले कमजोर नियमनले अव्यवस्था र ठगीलाई जन्माउँछ भन्ने पाठ सिकाएको छ । यी अनुभवहरूबाट अत्यधिक नियन्त्रणले सहकारीको आत्मा कमजोर बनाउँछ र कमजोर नियमनले बेथिति निम्त्याउँछ भनेर स्पष्ट गरेको छ । यसले सहकारीको सफलताका लागि स्वायत्तता र नियमन दुवै सन्तुलनमा हुन आवश्यक हुन्छ भन्ने महत्वपूर्ण पाठ सिकाएको छ । आजको आवश्यकता यस्तो नियामक प्रणाली हो, जसले सदस्यहरूको सुरक्षा गर्छ तर स्वशासन कमजोर बनाउँदैन, वित्तीय अनुशासन कायम गर्छ तर लोकतान्त्रिक सहभागिता दबाउँदैन । स्वायत्तता र प्रभावकारी नियमन बीच सन्तुलन कायम हुनसकेमा सहकारी संस्थाहरू समावेशी आर्थिक विकास, सामाजिक ऐक्यबद्धता र आधारभूत लोकतन्त्रका सशक्त आधार बन्न सक्छन् ।

*(साभार: अनलाइनखबर)*

# अन्तर्घात त नहोला नि यसपटक !

गोविन्द अधिकारी

दलहरू नेता अगाडि सारेर चुनावमा होमिएका छन् । मतदाता चनाखो हुँदैछन् । आशा गरौं जनता हुँडारहरूको मायावी भ्रम चिर्न सक्षम पनि हुनेछन् । जनताको विवेकको परीक्षा पनि हो निर्वाचन । यसैले पनि लोकतान्त्रिक निर्वाचनको परिणाम स्वीकार गर्ने गरिन्छ । यत्ति हो, चुनाव स्वच्छ र स्वतन्त्र हुनुपर्छ ।

कुनै जमाना थियो मतदातालाई उमेदवारले ओसारेर मतदान केन्द्रसम्म पुऱ्याउँथे । अझ निर्वाचक मण्डलले मत दिने चुनावमा त मतदाता अपहरणमा पर्थे । लुकाइन्थे र कतिलाई त मत दिनै दिइँदैन थियो । सँगै, मतदातालाई प्रलोभनमा पार्ने अर्को अभ्यास पनि निकै प्रचलित थियो । बिस्तारै यस्ता गलत अभ्यासको ठाउँ भ्रम सिर्जना गर्ने सामग्रीले लिन थालेको देखिएको छ ।

**मायावी प्रचार युद्ध**

निर्वाचन प्रचार अब 'मायावी' हुँदैगएको छ । अनुहार लुकाएर सात समुद्र पारि बाट कुनै दल वा उमेदवारका पक्षमा वा कसैको विपक्षमा भ्रम सिर्जना गर्ने र फैलाउने दुष्कर्म भइरहेको छ । यसो त एकाध भ्रमको जालो हटाउने अस्त्र पनि प्रयोग भइरहेका हुन्छन् । फरक यत्ति हो भ्रम फैलाउनेहरू (हुँडारहरू) अनुहार लुकाउँछन् । अनि भ्रम चिर्नेहरू परिचयसहित उपस्थित हुन्छन् । यत्तिले पनि बुझिन्छ दन्त्यकथामा मायावी दैत्यजस्ता अनुहार लुकाउनेहरू भरपर्दा हुँदैनन् । तिनका कुरामा अलमलिनु हुँदैन ।

प्रविधिको प्रयोगले चुनाव प्रचार सम्भवत: केही सस्तो र सजिलो पनि बनाएको छ । एकैपटक विश्वभर सन्देश प्रवाह गर्न सजिलै सकिने भएको छ । मिथ्या सूचना, र कपटी भ्रम फैलाउन पनि प्रविधिकै प्रयोग भइरहेको छ । जेहोस्, यसलाई अस्वीकार्न वा पन्छाउन सकिँदैन । उमेदवार र दलहरूले मात्र होइन जनसाधारणले पनि यो मायावी संसारको अस्तित्व स्वीकार नगरी सुख छैन ।

**किन देखिए पहिले कहिल्यै कांग्रेसका पक्षमा नदेखिनेहरू ?**

यसपटक पहिले कहिल्यै नेपाली कांग्रेसका पक्षमा नदेखिएका थुप्रै प्रतिष्ठित व्यक्तित्वहरू सामाजिक सञ्जालमा खुलारूपमा देखिएका छन् । त्यसबापत कांग्रेसजनले धन्यवादसम्म पनि भनेका छैनन् होला तर विरोधीले गालीको हिलो छ्यापिसकेका छन् । सामाजिक सञ्जालमा कांग्रेसमा देखिएको रूपमान्तरणको पक्षमा देखिनेहरूले मूलत: गगन थापाहरूले विद्रोह गरेर विधानसम्मत प्रक्रिया अपनाई नेतृत्व परिवर्तन गरेकोमा सराहना गरेका छन् । सामाजिक सञ्जाल हेर्दा लाग्छ कम्तीमा पनि नेपालको प्रबुद्ध जनमत नेपाली कांग्रेसका पक्षमा छ ।

क्रमश: पृष्ठ-३...

## टी-२० विश्वकप २०२६ :

# इंग्ल्यान्डविरुद्ध अब्बल प्रदर्शन, फिनिसिङमा फेरि स्तब्ध

मुम्बई/सन् २०२४ को जुन महिनाको १५ तारिक, नेपालले दक्षिण अफ्रिकासँग टी-२० विश्वकपको खेल खेलेको थियो अनि १ रनले पराजित भएको थियो । त्यसको करिब दुई वर्षपछि आज नेपालले इंग्ल्यान्डविरुद्ध खेल्दा त्यसबेलाभन्दा राम्रो प्रदर्शन गर्‍यो, तर नतिजा भने यसपटक पनि सुखद हुन सकेन । यसपटक नेपाल ४ रनले पराजित हुन पुग्यो ।

बलिङ र ब्याटिङमा परिपक्क प्रदर्शन गरेपनि दुवै पक्षको फिनिसिङमा फेरि पनि चुक्दा फेरि पनि स्तब्ध हुन पुग्यो । मैदानमा उपस्थित हजारौं दर्शक अनि नेपालमै रहेका लाखौं क्रिकेट समर्थकहरूले फेरि एकपटक 'हार्टब्रेक' मोमेन्टको सामना गरे । आईसीसी वरियतामा तेस्रो स्थानमा रहेको इंग्ल्यन्डविरुद्ध जितको निकै नजिक पुगेर पराजित हुँदा फेरि एकपटक उही भनाइ गुञ्जिएको छ- सो क्लोज, यट सो फार अर्थात् धेरै नजिक तर अझै धेरै टाढा ।

हारका बाबजुद नेपाली टोलीले गरेको प्रदर्शन अनि देखाएको सम्भावनाबारे अहिले विश्वभर चर्चा पनि भइरहेको छ, यसले नेपालको खेल विश्वले पनि नजिकबाट नियालिरहेको छ भन्ने अझ प्रष्ट हुन्छ । आइतबारको खेलमा नेपालले बलिङमा मिडल ओभर र डेथ ओभर अनि ब्याटिङमा फिनिसिङको पक्षमा केही कमजोर प्रदर्शन गर्‍यो ।

बलिङमा राम्रो सुरुवात गरेको भएपनि मिडल ओभरमा नेपालले विकेट निकाल्न सकेको थिएन । डेथ ओभरमा केही विकेट निकालेको भएपनि रन पनि रोक्न नसक्दा नेपालले इंग्ल्यान्डलाई १८० भन्दा तलको योगफलमा रोक्न सकेन ।

नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय खेल खेलेका शेर मल्लले आफ्नो पहिलो बलमै आक्रामक ब्याटर फिल साल्टको विकेट लिएका थिए । त्यसको केही समयमा जस बट्लर र टम बेन्टन पनि आउट भएपछि इंग्ल्यान्ड ५७-३ को अवस्थामा पुगेको थियो ।




त्यहाँबाट नेपालले चौथो विकेट निकाल्न भने लामो समय कुर्नुपर्‍यो । कप्तान ह्यारी ब्रूक र ज्याकब बेथेलले ७१ रनको साझेदारी बनाउँदै इंग्ल्यान्डलाई बलियो स्थितिमा पुर्‍याए । त्यहाँबाट विल ज्याक्सले एक चौका र चार छक्कासहित फिनिसिङ गर्दै इंग्ल्यान्डको स्कोर १८४ रनसम्म पुर्‍याएका थिए ।

यसक्रममा नेपाली बलरले बीचका ओभरमा विकेट निकाल्न नसक्नु पनि ठुलो योगफलको एक कारक बनेको थियो । खेलपछि पोस्ट म्याचमा नन्दन यादवले पनि केही एक्स्ट्रा रनहरू फिल्डिङ र बलिङबाट बचाउन सकेको भए योगफल केही कम हुने बताएका थिए ।

विपक्षी टिमका खेलाडीले पनि नेपाली टोलीको प्रदर्शनका बारेमा खुलेर प्रशंसा गरेका थिए । अलराउन्डर विल ज्याक्सले नेपाली टोलीले शानदार प्रयास गरेको भन्दै आफुहरूले दबाब महसुस गरेको बताए । 'हामीले जित्यौं तर नेपाली टोलीले गरेको प्रदर्शन पनि तारिफयोगय छ' खेलपछि ज्याक्सले भनेका थिए ।

### ब्याटिङमा देखिएको चमक, फिनिसिङमा कमजोर

नेपाली टोलीको ब्याटिङमा पनि आज छुट्टै चमक देखिएको थियो । तर फिनिसिङमा चुक्दा नेपालले ऐतिहासिक जित हासिल गर्न भने सकेन । आसिफ शेख सस्तैमा आउट भएपनि अर्को ओपनर कुशल भुर्तेलले सुरुवातदेखि नै राम्रा शटहरू खेल्दै नेपाललाई उत्कृष्ट सुरुवात दिलाएका थिए ।

भुर्तेल आउट भएपछि कप्तान रोहित पौडेल र उपकप्तान दीपेन्द्रसिंह ऐरी मिलेर राम्रो साझेदारी बनाएपछि खेल नेपालको नियन्त्रणमा देखिएको थियो । दीपेन्द्र ४४ अनि रोहित ३९ रनमा केही बलको अन्तरमा आउट भएपछि इंग्ल्यान्ड फेरि खेलमा फर्किएको थियो । नेपाल खेलमा पछाडि पर्दा लोकेश बमले जोफ्रा आर्चरलाई लगातार दुई छक्का प्रहार गर्दै मोमेन्टम फेरि नेपालको पक्षमा ल्याएका थिए ।

अन्तिम बलमा १० रन चाहिने समीकरण बन्दा इंग्ल्यान्डका युवा स्टार बलर साम करानले ६ बल नै शानदार लेन्थमा गर्दै नेपालको ऐतिहासिक जितलाई नकारे । यस्तो अवस्थामा एक्सपोजर र अनुभव काम लाग्छ भन्ने कुरा करानले प्रमाणित गरे । खेलपछि साम करानले कुरा गर्दै कप्तान ब्रूकलाई ६ वटै योर्कर बल फाल्छु भनेर भरोसा दिलाएको टिप्पणी समेत गरेका थिए ।

पहिलोपटक विश्वकपको मञ्चमा खेलिरहेका लोकेश बम र सयौं खेलको अनुभव बोकेका साम करानबीचको यो ६ बलको प्रतिस्पर्धामा करानले बाजी मारेपछि कहीं कतै नेपालको फिनिसिङ गर्ने कुरामा केही लूपहोल अझै भएको र तिनलाई समाधान गर्नुपर्ने आवश्यकता समेत देखिएको छ ।

### डेब्यूमै छाए शेर, लोकेश र नन्दन

नेपालका लागि पहिलोपटक विश्वकप खेल्ने टोलीमा परेका पाँचमध्ये चार खेलाडीले आजको इंग्ल्यान्डसँगको खेलमै खेल्ने मौका पाए । यसअघि राष्ट्रिय टिमका लागि खेलिसकेका आरिफ शेख, नन्दन यादव र लोकेश बमले विश्वकप डेब्यू गर्दा शेर मल्लले अन्तर्राष्ट्रिय डेब्यू नै विश्वकपमार्फत गरे ।

पहिलो विश्वकप खेलमा यीमध्ये ३ खेलाडी छाए, जसले खेललाई प्रभाव पार्ने किसिमकै प्रदर्शन गरे । पहिलो थियो शेर मल्लको बलिङ- उनले खेलको दोस्रो ओभर तथा आफ्नो पहिलो ओभरको पहिलो बलमै फिलिप साल्टको विकेट लिए । यी आक्रामक ब्याटरको विकेट लिएपछि नेपालले सुरुदेखि नै इंग्ल्यान्डलाई दबाबमा राख्न खोजेको थियो ।

पेस बलर नन्दन यादवले जस बट्लर र कप्तान ह्रुयारी ब्रूकको विकेट लिएका थिए । मुम्बईको पिचमा नन्दनले पेस र भेरिएसनको राम्रो प्रयोग गरेको देखिएको थियो । यस्तै लोकेश बमको फिनिसिङले पनि खेललाई अन्तिम ओभरसम्म पुर्‍यायो । लाइन क्रस गर्न नसकेपनि यी ३ खेलाडीले विश्वकपमा इंग्ल्यान्डजस्तो हेभिवेट टोलीसँगकै खेलमा शानदार प्रदर्शन गर्दै आगामी खेलका लागि मनोबल उच्च बनाएका छन् ।

लोकेशले पहिलो विश्वकपमा खेल्दा निकै उत्साहित रहेको भएपनि अनुभवका हिसाबले कमी भएको बताए । 'मेरो पहिलो विश्वकप थियो र पहिले देखि हेरि रहेको थिएँ र उत्साहित पनि थिएँ । अनुभवको हिसाबमा एक्जुकेट गर्न मिस भयो जस्तो लाग्छ' उनले खेलपछि भनेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# कलाकार सुनिल थापाको अन्त्येष्टि, छोराले दिए दागबत्ती

काठमाडौं/शनिबार हृदयघातका कारण निधन भएका कलाकार सुनिल थापाको अन्त्येष्टि गरिएको छ । आइतबार अपरान्ह ४ बजे पशुपति आर्यघाटमा हिन्दू परम्परा अनुसार उनको दाहसंस्कार गरिएको हो । उनलाई छोरा अनमोलले दागबत्ती दिएका थिए । अन्त्येष्टिअघि थापाको पार्थिव शरीरमा पर्यटनमन्त्री अनिलकुमार सिन्हाले राष्ट्रिय झन्डा ओढाएर सम्मान व्यक्त गरे ।



आइतबार बिहान त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा पोस्टमार्टम गरेपछि थापाको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जलीका लागि चाबहिलस्थित चलचित्र विकास बोर्डको कार्यालयमा राखिएको थियो । त्यहाँ कलाकारदेखि राजनीतिज्ञसम्मले उनीप्रति श्रद्धाञ्जली अर्पण गरे । बोर्डबाट करिब २ बजे थापाको पार्थिव शरीरलाई फूलले सिंगारिएको गाडीमार्फत पशुपति आर्यघाट पुर्‍याइएको थियो ।

शनिबार बिहान शंखमुलस्थित आफ्नो अपार्टमेन्टमा बेहोस भएपछि कलाकार थापालाई उनका सहयोगीले थापाथलीस्थित नर्भिक अस्पताल पुर्‍याएका थिए । र, त्यहीँ उनले अन्तिम सास लिए । ६८ वर्षको उमेरमा निधन भएका उनका श्रीमतीसहित एक छोरा र एक छोरी छन् । मुम्बईमा बस्ने गरेका उनीहरू शनिबार साँझ मात्र काठमाडौं आइपुगेका थिए ।

'राते काइँला'को रूपमा परिचित कलाकार थापाले आफ्नो करिअरमा डेढ सयभन्दा बढी फिल्ममा काम गरेका छन् । हिन्दी फिल्म 'साहेब बहादुर'बाट अभिनय करिअर सुरु गरेका उनको पहिलो नेपाली फिल्म 'मसाल' हो । तुलसी घिमिरे निर्देशित फिल्म 'चिनो'बाट दर्शकमाझ चिनिएका उनी पछिल्लो पटक गत पुष १७ गते प्रदर्शन भएको फिल्म 'एक्लो'मा देखिएका थिए ।

थापाप्रति नेपालीसँगै भारतीय कलाकारहरूले पनि श्रद्धाञ्जली अर्पण गरेका छन् । हिन्दी फिल्म 'मेरी कोम'मा थापासँग काम गरेकी अभिनेत्री प्रियंका चोपडाले शनिबार साँझ सामाजिक सञ्जाल मार्फत उनलाई श्रद्धाञ्जली दिँदै आफूलाई एकदमै कठिन समयमा सम्हालेकोमा धन्यवाद दिएकी थिइन् । भारतीय अभिनेता मनोज बाजपेयीले पनि थापाको निधनप्रति दुःख व्यक्त गरेका छन् ।

# बालेनलाई सघाउन निश्चलले 'दिमाग खराब' युट्युबमा हालेका हुन् ?





काठमाडौं/२०८० सालको सुपरहिट फिल्ममध्ये एक हो, 'दिमाग खराब' । झन्डै ९ करोड रुपैयाँ ग्रस व्यापार गरेको यो फिल्मको विषयवस्तुलाई लिएर त्यसबेला ठूलो चर्चा र बहस भएको थियो । कतिपयले रास्वपा र बालेन शाहका लागि निर्देशक निश्चल बस्नेतले फिल्म बनाएको आरोप समेत लगाएका थिए । किनकि, फिल्मले वैकल्पिक राजनीति र स्वतन्त्र उम्मेदवारको पक्षमा वकालत गरेको छ ।

सोही फिल्म गत शुक्रबार युट्युबमा सार्वजनिक भएको छ । देश चुनावमा होमिएको समयमा 'दिमाग खराब' युट्युबमा रिलिज हुनुलाई अर्थपूर्ण रूपमा हेरिएको छ । फिल्मले उठाएको विषयवस्तु अहिलेको राजनीतिक परिस्थितिसँग मिल्दोजुल्दो भएकाले आम मानिसलाई सचेत गराउन निश्चलले चुनावको संघारमा फिल्म युट्युबमा रिलिज गरेको धेरैको ठम्याइ छ ।

तीन दिनमा १४ लाखभन्दा बढीले हेरिसकेको यो फिल्मलाई अधिकांश दर्शकले नेता बालेन शाह र रास्वपासँग जोडेर प्रतिक्रिया जनाएका छन् । कतिले बालेनको आत्मबल बढाउने फिल्म भनेका छन् भने कतिले घन्टीको विज्ञापनको रूपमा टिप्पणी गरेका छन् । सही समयमा फिल्म युट्युबमा रिलिज गरेकोमा धेरैले निश्चललाई धन्यवाद पनि दिएका छन् ।

निश्चल रास्वपाका वरिष्ठ नेता बालेन निकट मानिन्छन् । बालेनलाई काठमाडौंको मेयरमा जिताउन लागिपर्नेमा निश्चल पनि एक थिए । आगामी निर्वाचनमा पनि उनले बालेनलाई नै समर्थन गरेका छन् । यही मेसोमा वैकल्पिक राजनीतिको वकालत गर्ने आफ्नो फिल्म 'दिमाग खराब' युट्युबमा रिलिज गरेर उनले बालेन र रास्वपाको पक्षमा माहोल बनाउन खोजेको टिप्पणी भइरहेको छ ।

रौनक विक्रम कडेल निर्माता तथा सुरज बम ठकुरी कार्यकारी निर्माता रहेको यस फिल्ममा निश्चल सहित दयाहाङ राई, स्वस्तिमा खड्का, खगेन्द्र लामिछाने, अर्पण थापा, विजय बराल, पुष्कर गुरुङ, माओत्से गुरुङ, सुमन कार्की, रमा थपलिया लगायतको अभिनय देख्न सकिन्छ । निश्चलले २०८३ सालमा यो फिल्मको सिक्वेल बनाउने घोषणा गरिसकेका छन् ।

# जितको नजिक पुर्‍याएर पनि खेल जिताउन नसक्दा दुःखी लोकेश

मुम्बई/मुम्बईको वानखेडे स्टेडियम । करिब १८ हजार नेपाली दर्शक नेपालको जर्सी लगाएर नेपालको झण्डा लिएर नेपाल र इंग्ल्यान्डबीचको टी-२० विश्वकप खेल हेर्न उपस्थित थिए । नेपाललाई इंग्ल्यान्ड विरुद्ध ऐतिहासिक जित हात पार्न अन्तिम ओभरमा १० रन आवश्यक थियो । क्रिजमा थिए लोकेश बम । लोकेश यसै खेलबाट टी-२० विश्वकपमा पनि डेब्यु गरेका थिए । यस्तै अर्को एण्डमा नेपालका भ्यालेन्टाइन ब्वाय करण केसी थिए ।




इंग्ल्यान्डका साम करानले बलिङमा आए । अन्तिम ओभरमा इंग्ल्यान्ड पनि निकै तनावमा थियो । करानको पहिलो बलमा लोकेशले डट खेले । दोस्रो बलमा करण र तेस्रो बलमा पनि लोकेशले एक रन नै लिएपछि नेपाललाई जितका लागि ३ बलमा ८ रन आवश्यक थियो । स्ट्राइकमा लोकेश बम नै आए । चौथो बलमा लोकेशले २ रन लिएर नेपालको सम्भावना जीवित नै राखे । तर पाँचौं बलमा डट खेले । करण केसी सिंगलका लागि अर्को छेउबाट दौडिन लागेका थिए । तर लोकेश रोकिए । त्यसपछि जितका लागि अन्तिम बलमा ६ रन आवश्यक थियो । यस्तोमा छक्का प्रहार गर्नुको विकल्प थिएन । तर लोकेशले सिंगल मात्र लिन सके ।

एक समय नेपालको हातबाट करिब टाढिइसकेको गेमलाई लोकेशले केही बाउन्ड्री प्रहार गर्दै नेपालको पक्षमा मोडेका थिए र अन्तिम ओभरको अन्तिम बलसम्म खेललाई लगेका थिए । तर सेकेन्ड लास्ट बल डट हुँदा पनि अन्तिम बलमा केही दबाब देखियो । दुई पटकको टी-२० विश्वकप विजेता इंग्ल्यान्डले दिएको १८५ रनको लक्ष्य पछ्याएको नेपालले २० ओभर खेल्दै ६ विकेट गुमाएर १८० रन त बनायो तर जित हात पार्न भने सकेन ।

इंग्ल्यान्डले ४ रनले खेल जित्यो र २ अंक जोडदै विजयी सुरुवात गर्यो । सुपर एट पुग्ने लक्ष्यमा नेपालका लागि यो २ अंक महत्वपूर्ण हुन सक्थ्यो तर नेपालले अंक जोड्न सकेन । १२ वर्षपछि विश्वकपमा खेल जित्ने अवसर पनि गुम्यो । छैटौं नम्बरमा ब्याटिङ गरेका लोकेशले अविजित ३९ रन बनाए । उनले २० बल खेल्दै ४ चौका र २ छक्का प्रहार गरेका थिए । नेपालका लागि उपकप्तान दीपेन्द्र सिंह ऐरीले सर्वाधिक ४४ रन बनाए । कप्तान रोहित पौडेलले ३९ र कुशल भुर्तेलले २९ रन जोडे ।

यो हारले स्टेडियममा उपस्थित सारा नेपाली समर्थक नेपाली टिम पनि स्वभाविक रूपमा दुःखी थिए । राम्रो खेल्दै अन्तिम ओभरसम्म पुर्‍याएपनि जित्न नसक्दा लोकेश आफैं पनि यो हारबाट दुःखी छन् । 'अन्तिम ओभरमा केही पनि थिएन माइन्डमा । सिम्पल थियो एउटा बल हान्यो भने हुन्थ्यो । जहिले पनि करिब नजिक पुगेर टेष्ट राष्ट्रसँग चुकेका छौं । आज पनि चुक्यौं । म पनि दुःखी छु' लोकेशले भने । अन्तिम बल खेलेपछि लोकेश आफैं मैदानमा निहुरिएका थिए । मैदान बाहिर आउँदा सबैले राम्रो प्रतिक्रिया दिएपनि उनी आफू खुशी थिएनन् । 'सबैको रेसपोन्स रामरो थियो म चाँही खुशी थिएन मैले एक दुई चान्स मिस गरें।'

आफ्नो पहिलो विश्वकपमा निकै उत्सहित भएपनि अनुभवका हिसाबले कमी भएको लोकेशले बताए । 'मेरो पहिलो विश्वकप थियो र पहिले देखि हेरिरहेको थिएँ र एक्साइटमेन्ट पनि थिए । अनुभवको हिसाबमा एक्जुकेट गर्न मिस भयो जस्तो लाग्छ, लोकेशले खेलपछि सञ्चारकर्मीहरुसँग भने, 'सामान्य थियो एक बल मिस भयो भने एउटा हिटको कुरा हो । एउटा हिट भयो भने हुन्छ भन्ने थियो ।' सेकेन्ड लास्ट बलमा लोकेशले किन सिंगल नलिएको विषयमा पोष्ट म्याचमा नन्दनलाई यादवलाई प्रश्न गरिएको थियो । नन्दनले लोकेशल बल राम्रो हानिरहेकोले हान्न सक्ने क्षमता भएको बताए ।

'लोकेश निकै राम्रोसँग हिट गरिरहेका थिए । एक समय हामी खेलबाट बाहिरजस्तै देखिएका थियौं, तर लोकेश आएपछि उनले तीन-चारवटा छक्का हानेर खेललाई फेरि फर्काइदिए, जुन वास्तवमै उत्कृष्ट थियो । त्यसैले करणभन्दा धेरै छक्का हान्न सक्ने ब्याट्सम्यान स्ट्राइकमा हुनु राम्रो थियो । हामीलाई थाहा छ करणसँग पनि त्यो पावर छ, तर त्यो दिन लोकेशकै थियो । त्यसैले उनलाई नै स्ट्राइकमा राख्नु राम्रो विकल्प थियो' नन्दनले खेलपछि भने ।

इंग्ल्यान्डका अलराउन्डर विल ज्याक्सले भने अन्तिम ओभर भइरहेका बेला आफू पनि नर्भस रहेको तर साम करानमाथि विश्वास रहेको बताए । 'हो, वास्तवमै म निकै नर्भस थिएँ । बाउन्ड्रीमा उभिँदा मेरो मुटु जोडसँग धड्किरहेको थियो । तर साममाथि मलाई पूरा भरोसा थियो । उनले यसअघि पनि त्यस्तो परिस्थिति निकै राम्रोसँग सम्हालेका छन्' ज्याक्सले पोस्ट म्याच कन्फेरेन्समा भने, 'मैले उनीसँग "इन्भिन्सिबल्स"बाट सँगै खेलेको छु र उनले अन्तिम ओभर जोगाउने काम धेरै पटक सफलतापूर्वक गरेका छन् । त्यसका लागि उनलाई पूरा श्रेय जान्छ । उनले योर्करहरू एकदमै सटीक ढंगले फ्याँके र दबाबमा पनि आफ्नो धैर्य कायम राखे । त्यो साँच्चिकै शानदार थियो'

इंग्ल्यान्डका लागि अलराउन्ड प्रदर्शन गर्दै प्लेयर अफ दि म्याच बनेका विल ज्याक्सले पनि खेल जित्नु सबैभन्दा महत्वपूर्ण कुरा भएको बताए । 'हो, निः सन्देह सबैभन्दा महत्वपूर्ण कुरा जित नै हो, जुन हामी खेलको सुरुवातदेखि नै हासिल गर्ने लक्ष्य राखेका थियौं' विल ज्याक्सले पोस्ट म्याच कन्फेरेन्समा भने 'खेल अत्यन्तै कडा र रोमाञ्चक रह्यो । नेपाललाई पूरा श्रेय जान्छ । उनीहरू ब्याटिङ, बलिङ, फिल्डिङ र रनिङ विटविन दी विकेट सबै पक्षमा असाधारण रूपमा उत्कृष्ट थिए । उनीहरूले हामीलाई अन्तिमसम्म धकेलेका थिए ।'

ज्याक्सले विश्वकप क्रिकेटमा केही सजिलो नहुने र आजको खेल पनि कठिन भएको बताए । 'यही नै विश्वकप क्रिकेट हो । यो सजिलो हुँदैन । हामीले हिजोका सबै खेलहरू हेर्दा पनि अत्यन्तै प्रतिस्पर्धात्मक देख्यौं । धेरै खेल दुवै टोलीको पक्षमा जान सक्थे, आज पनि त्यही देखियो । त्यसैले प्रतियोगिताको सुरुआत यसरी (जितबाट) हुनु राम्रो संकेत हो' उनले भने ।

### टेस्ट राष्ट्रसँग कडा प्रतिस्पर्धा, नतिजा उस्तै

नेपालले पछिल्लो समय टेस्ट राष्ट्रविरुद्ध खेल्दा उत्कृष्ट प्रदर्शन त गर्दै आएको छ । केही समयअघि वेस्ट इन्डिज विरुद्धको ऐतिहासिक टी-२० सिरिजमा २-१ ले जित्नु बाहेक विश्वकप जस्तो ठूलो मञ्चमा नेपालले टेस्ट राष्ट्रविरुद्ध खेल्दा जहिले पनि यस्तै अवस्था भोग्नु परेको छ ।

चाहे त्यो सन् २०२३ मा चीनको हान्झाउमा भएको १९औं एसियन गेम्स भारत विरुद्ध होस् या चाहे सन् २०२४ मा अमेरिका र वेस्ट इन्डिजमा भएको टी-२० विश्वकपमै दक्षिण अफ्रिका विरुद्ध १ रनको हार । त्यसपछि बंगलादेशसँगको हार र अहिले आएर इंग्ल्यान्डसँगको हार । २०२४ मा क्यारेबियनमा भएको खेलमा नेपालले दक्षिण अफ्रिकालाई लगभग पराजित गरि सकेको अवस्थामा १ रनले चुकेको थियो । अन्तिम दुई बलमा जितका लागि २ रन आवश्यक हुँदा गुल्सन झाले दुवै बल डट खेलेपछि नेपाल जितबाट वञ्चित भएको थियो ।

यस पटक फेरि त्यही कथा दोहोरियो । लोकेशले भनेजस्तै नेपालले राम्रो खेल्दा खेल्दै जित नजिक पुगेर पनि नतिजा ल्याउन नसक्दा धेरै दुःखी छन् ।

खेलपछि नन्दनलाई टेस्ट राष्ट्र र एसोसिएट राष्ट्रबीचको ग्याप धेरै नभएरहेको चर्चा भइरहँदा नेपालको अवस्था के छ भनेर सोधिएको थियो । त्यसमा नन्दनले सुरुमै यो निकै गाह्रो प्रश्न भन्दै जवाफ दिएका थिए । 'मलाई लाग्छ यो निकै गाह्रो प्रश्न हो, किनभने हामी टेस्ट राष्ट्रहरूसँग प्रतिस्पर्धा गरिरहेका छौं वा हामी टेष्ट राष्ट्र बन्ने प्रयास गरिरहेका छौं' नन्दनले भने, 'त्यसका लागि सबैभन्दा पहिले हामीले हाम्रो घरेलु संरचना सुधार्नुपर्छ । विशेष गरी रेड-बल क्रिकेट, जुन अहिले हामीसँग पर्याप्त रूपमा छैन । टेस्ट राष्ट्र बन्नु मेरो पनि सपना हो, तर अहिलेको अवस्थामा यो निकै चुनौतीपूर्ण काम जस्तो लाग्छ ।'

आइताबरको खेलमा नेपाल पराजित भएपनि धेरै सकरात्मक कुराहरु भए । शेर मल्लको डेब्यूमै विकेटदेखि चार खेलाडीको विश्वकप डेब्यु दीपेन्द्रको टी-२०आईमा दुई हजार रन पूरा जस्ता क्षण भए । तर आगामी खेलमा नेपालले इंग्ल्यान्ड जस्तै प्रदर्शन गर्न सक्ने जित हासिल गर्ने आत्मविश्वास पनि देखायो । नन्दनलाई पनि आजको साँघुरो हारले आउने खेलका लागि के पाठ सिकायो भन्ने प्रश्न गरिएको थियो । उनले महेन्द्र सिंह धोनीले जस्तै छक्का हान्नुपर्ने प्रतिक्रिया दिए । 'सिकाइ भनेको, हामी धेरैजसो छक्का हान्नुपर्छ, महेन्द्र सिंह धोनीजस्तै' नन्दनले हाँसोसहित जवाफ दिएका थिए ।

# अन्तर्घात त नहोला...

### दाइहरूको रहस्यमय मौन

बरु कांग्रेसकै केही पुराना नेता अझै मैदानमा उत्रन हिचकिचाएका देखिए । 'दाइ संस्कृति' बलियो भएको कांग्रेसमा भाइहरूको नेतृत्व स्वीकार गर्न असजिलो पनि लाग्यो होला । तर, यथार्थ त यथार्थै हो । नेपाली कांग्रेस भन्ने मुलुकको सबैभन्दा ठूलो र अब त जेठो पनि भने हुन्छ पार्टीको आधिकारिक सभापति त गगनकुमार थापा नै हुन् ।

पार्टी चुनावमा होमिएका बेला उनीहरूमध्ये धेरै त चुपै लाग्दा भोट थपिन्छ पनि होला । तैपनि, सद्भाव त देखाउनु पर्ने हो । नेपाली कांग्रेसको 'अन्तर्घात'को रोग बल्झाउन मौन रहेका हुन् भने तिनलाई कार्यकर्ताले पक्कै स्वीकार गर्नेछैनन् । सम्भवतः पहिलो पटक नेपाली कांग्रेस अहिले प्रतिरक्षात्मक हुन परेको छैन निर्वाचनमा । आक्रामक देखिएका त छैनन् तर शिष्ट र शालीन गतिशीलता देखिएको छ गगन तथा उनका साथीहरूमा । यसले अन्तर्घातको जोखिम कम हुन्छ । कतै नेपथ्यमा कसैको उक्साहटमा वा आफैँमा रहेको इखको विषले अन्तर्घातको षड्यन्त्र त भइरहेको छैन भने कांग्रेसको गतिलाई नैतिक, सैद्धान्तिक र योगदानको आधारमा चुनौती दिनसक्ने कुनै शक्ति मैदानमा देखिँदैन । अर्थात्, कांग्रेसलाई हराउन कांग्रेसले मात्र सक्छ भन्ने गरिन्थ्यो । अब अन्तर्घात सुन्न नपरोस् !

### मुद्दा फिर्ता लिए बेस

नेपाली कांग्रेसका उमेदवारहरूलाई हौसला दिनैका लागि मात्र भने पनि सबै नेताहरूले ऐक्यबद्धता प्रकट गर्नुपर्छ । अहिले मुद्दा फिर्ता लिएमात्र पनि कांग्रेस एक भएको सन्देश जानेछ । मतदातालाई धेरै फरक नपरे पनि कार्यकर्ता त्यसबाट उत्साहित हुनेछन् । विशेष महाधिवेशनविरुद्ध दायर मुद्दा फिर्ता लिए कम्तीमा पूर्णबहादुर खड्काको नाम त पार्टीको इतिहासमा लेखिनेछ ।

### तुलनात्मक गुण गगनका

विशेष अधिवेशनको प्रक्रियामा विमति राख्नेहरूले पनि त्यसबाट छानिएको नेतृत्वप्रति निराश हुनुपर्ने देखिँदैन । कारण सभापति गगनकुमार थापा अरू दलका प्रतिस्पर्धी नेताहरूभन्दा अपेक्षाकृत बढी नै आशाप्रद र विश्वसनीय छन् । कुनै पनि विषयमा उनले के गर्लान् भन्ने अनुमान गर्न सकिन्छ । कम्तीमा गगन सन्काहा छैनन् । सडकदेखि सदनसम्मको राजनीति गरेर खारिएका छन् । र राष्ट्रिय राजनीतिम झन्डै दुई दशक बिताए पनि गगन जनसाधारणसँगै पनि देखिन्छन् । तिनको बोली बुझ्छन् र सुन्छन् पनि ।

*(साभार: बाह्रखरी)*

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स्
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मकवानपुरका ४४ उम्मेदवारमध्ये १३ जनाले निर्वाचन खर्च र स्रोत खुलाएनन्

साझाकुरा संवाददाता

हेटौँडा, २५ माघ/ फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत् मकवानपुरका ४४ उम्मेदवारमध्ये १३ जनाले निर्वाचन खर्च र त्यसको स्रोत नखुलाएको पाइएको छ ।

आइतबार मुख्य निर्वाचन अधिकृतको कार्यालयले आयोजना गरेको मकवानपुरमा निर्वाचन आचारसंहिता कार्यान्वयनको अवस्था सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा उक्त जानकारी गराइएको हो । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार ९ वटा राजनीतिक दल र ४ जना स्वतन्त्र उम्मेदवारले मनोनयनका क्रममा निर्वाचन खर्चको अनुमानित रकम तथा त्यसको स्रोत खुलाएका छैनन् । क्षेत्र नम्बर २ का २१ जना उम्मेदवारमध्ये नेकपा एमालेका उम्मेदवार महेश बर्तौलाले खर्चको अनुमानित रकम खुलाए पनि त्यसको स्रोत खुलाउनुभएको छैन ।



त्यस्तै, क्षेत्र नम्बर १ का २३ जना उम्मेदवारमध्ये ४ राजनीतिक दल र ३ स्वतन्त्र गरी ७ जना उम्मेदवारले खर्चको अनुमानित रकम र स्रोत दुवै नखुलाएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । क्षेत्र नम्बर १ की नेपाली कांग्रेसकी उम्मेदवार महालक्ष्मी उपाध्याय 'डिना', नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का विजय गौतम, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रकाश गौतम र प्रगतिशील पार्टीका उम्मेदवार तेजप्रसाद उप्रेतीले खर्चको अनुमानित रकम र स्रोत दुवै उल्लेख गरेका छैनन् । यस्तै, स्वतन्त्र उम्मेदवार ज्ञानसागर लामा, मठु पुलामी मगर र टीकाप्रसाद चौलागाईंले पनि नखुलाएको पाइएको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार दीपकबहादुर सिंह, श्रम संस्कृति पार्टीकी विद्या श्रेष्ठ, नेमकिपाकी रञ्जना सुवाल र जसपा नेपालका रुपक लामाले खर्चको स्रोत खुलाए पनि अनुमानित खर्च रकम भने उल्लेख नगरेको जनाइएको छ । स्वतन्त्र उम्मेदवार राजकुमार खड्काले पनि अनुमानित खर्च रकम खुलाउनुभएको छैन । मकवानपुर जिल्लामा उम्मेदवारले अधिकतम ३३ लाख रुपैयाँसम्म मात्र खर्च गर्न पाउने व्यवस्था रहेको छ ।

खर्चको अनुमानित रकम र स्रोत कानुन बमोजिम अनिवार्य रूपमा खुलाउनुपर्ने अनुगमन अधिकृत दिनेश रेग्मीले बताए । साथै निर्वाचनका लागि उम्मेदवारले बैंकमा छुट्टै खाता खोल्नुपर्ने व्यवस्था भएपनि सबै उम्मेदवारले खाता नखोलेको उनले बताए । खर्चको अनुमानित रकम र स्रोत नखुलाएमा आचारसंहिता उल्लैन गरेको मानिने निर्वाचन आयोगले जनाएको छ ।

यसैगरी, मकवानपुर जिल्लामा पछिल्लो २० दिनको अवधिमा आचारसंहिता उल्लंघन न्यून भएपनि केही उल्लंघनका घटना देखिएको आचारसंहिता अनुगमन अधिकृत तथा सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले बताए । सार्वजनिक स्थलमा दलका झण्डा राखिएको, सरकारी सवारी साधन प्रयोग गरिएको तथा प्रचार प्रसारका लागि तोकिएको समयसीमा पालना नगरेको पाइएको उनले जानकारी दिए ।

आयोगले उम्मेदवारलाई फागुन ३ गतेसम्म घरदैलो तथा व्यक्तिगत भेटघाटमा मात्र सीमित रहन अनुरोधसमेत गरेको छ । आचारसंहिता उल्लंघन गरेमा एकलाख रुपैयाँसम्म जरिवाना तथा उम्मेदवारी रद्दसम्मको कारबाही हुन सक्ने व्यवस्था रहेको बताइएको छ ।

अन्तरक्रिया कार्यक्रममा प्रदेश निर्वाचन अधिकारी हरि ढकाल, क्षेत्र नम्बर २ का निर्वाचन अधिकृत देवेन्द्र आचार्य, प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठ, दुवै निर्वाचन क्षेत्रका उम्मेदवार, उम्मेदवारका प्रतिनिधि तथा सञ्चार कर्मीको उपस्थिति थियो ।

# घोषणापत्रमा शिक्षालाई प्राथमिकता देऊः प्याब्सन



साझाकुरा संवाददाता

हेटौँडा, २५ माघ/ निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) ले आगामी निर्वाचनमा राजनीतिक दलहरुले तयार गर्ने घोषणापत्रमा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्न आग्रह गरेको छ ।

आगामी निर्वाचनलाई लक्षित गर्दै प्याब्सनले आइतबार पत्रकार सम्मेलन गरी शिक्षा क्षेत्रलाई स्पष्ट, समन्वित तथा दीर्घकालीन प्राथमिकता राख्ने गरी घोषणापत्रमा उल्लेख गर्न आग्रह गरेको हो । प्याब्सनका अध्यक्ष कृष्णप्रसाद अधिकारीले सार्वजनिक-निजी-सामुदायिक सहकार्यमा आधारित शिक्षा नीति अबलम्वन गर्नुपर्ने बताएका छन् ।

उनले निजी शिक्षा क्षेत्रलाई देशको शिक्षा सुधारका लागि रणनीतिक साझेदारका रूपमा अघि बढाउनुपर्नेमा जोड दिए । उनका अनुसार पछिल्ला वर्षहरूमा निजी विद्यालयहरूले शिक्षा पहुँच विस्तार, गुणस्तर सुधार र दक्ष जनशक्ति विकासमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन् । तर, नीतिगत अस्थिरता, आकस्मिक कानूनी परिवर्तन र एकपक्षीय नियमनका कारण शिक्षा क्षेत्रमा लगानीको वातावरण कमजोर बन्दै गएको उनको भनाइ छ । उच्च शिक्षाका लागि वर्षेनि ठूलो रकम विदेशिने क्रम बढ्दै गएको उल्लेख गर्दै उहाँले स्वदेशमै गुणस्तरीय उच्च शिक्षा उपलब्ध गराउन निजी क्षेत्रसँग सहकार्यसहित दीर्घकालीन योजना आवश्यक रहेको बताए । उनले शिक्षा क्षेत्रमा निजी क्षेत्रको योगदानको सम्मान गर्दै शिक्षा सम्बन्धी ऐन, नीति तथा निर्देशिकामा स्पष्ट व्यवस्था गर्न पनि माग गरे ।

'शिक्षा क्षेत्रलाई एउटा समग्र प्रणालीको रूपमा अघि बढाउन सार्वजनिक-निजी-सामुदायिक सहकार्यको माध्यमबाट स्पष्ट नीति आवश्यक छ । निजी शिक्षा क्षेत्रलाई देशको शिक्षा सुधारका लागि रणनीतिक साझेदारका रूपमा अघि बढाइयोस् । विद्यालय छनौट, शिक्षण माध्यम (नेपाली, अंग्रेजी वा मातृभाषा) तथा शैक्षिक मोडल छनौट गर्ने अधिकार अभिभावक र विद्यार्थीमै निहीत रहनु जरुरी छ ।

जबर्जस्ती एकल प्रणाली लागू गर्ने कुनैपनि नीति शिक्षा क्षेत्रका लागि हितकर हुँदैन । बहुविकल्पीय शिक्षा प्रणालीलाई लोकतान्त्रिक र व्यवहारिक प्रतिष्पर्धी बनाउँदै यसतर्फ ध्यान दिइयोस् । शिक्षा क्षेत्रमा गरिएको निजी लगानी, पूर्वाधार तथा सम्पत्तिको कानुनी र नीतिगत संरक्षण सुनिश्चित गरियोस् ।

नीतिगत अस्थिरता, आकस्मिक कानूनी परिवर्तन तथा एकपक्षीय नियमनले शिक्षा क्षेत्रमा लगानीको वातावरण कमजोर बनाएको छ । यसलाई अन्त्य गर्दै स्थिर, विश्वसनीय र दीर्घकालीन नीति आवश्यक छ । उच्च शिक्षाका लागि नेपालबाट वर्षेनि ठूलो संख्यामा पूँजी विदेशिने तथ्य हामी सबैले भोगिरहेका छौं । यो पूँजी पलायन रोक्न गुणस्तरीय उच्च शिक्षा स्वदेशमै उपलब्ध गराउन आवश्यक छ । यसको लागि निजी क्षेत्रसँग सहकार्य गर्दै ठोस र दीर्घकालीन योजना अघि बढ्ने स्पष्ट शिक्षा नीति तय गरियोस्' उनले भने ।

निजी क्षेत्रमा कार्यरत् जनशक्तिलाई राज्यका सीप विकास तथा शैक्षिक उन्नयन कार्यक्रमहरूमा सहभागी गराउनुपर्ने प्याब्सनको सुझाव छ । प्याब्सनले शिक्षा राजनीतिक हस्तक्षेपको विषय नभई साझा राष्ट्रिय एजेण्डा हुनुपर्ने बताउँदै सबै राजनीतिक दल, नीति निर्माता र सरोकारवालाको सहकार्य अपरिहार्य रहेको उल्लेख गरेको छ । आगामी निर्वाचनपछि शिक्षा प्रणाली थप समावेशी, गुणस्तरीय, स्थायित्व युक्त र प्रतिष्पर्धी बन्ने प्याब्सनले विश्वास व्यक्त गरेको छ ।

# लागूऔषध विरुद्ध तीन महिने अभियानका सकियो



साझाकुरा संवाददाता

हेटौँडा, २५ माघ/ लागू औषध विरुद्धको ३ महिने अभियान अन्तर्गत् बागमती गाउँपालिकामा विभिन्न जनचेतनामूलक तथा संस्थागत कार्यक्रमहरू प्रभावकारी रूपमा सम्पन्न भएका छन् ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरको आयोजना तथा सिआन पुनर्स्थापना केन्द्रको व्यवस्थापनमा सञ्चालन भएको अभियानअन्तर्गत् आइतबार पालिकास्तरीय समन्वय बैठक, विद्यालय सचेतना कार्यक्रम तथा सार्वजनिक सन्देशमूलक गतिविधिहरू सम्पन्न गरिएका हुन् ।

गाउँपालिका अध्यक्ष सर्केश घलानको प्रमुख आतिथ्यता तथा प्रमुख प्रशासकीय अधिकृतको आतिथ्यतामा सम्पन्न पालिकास्तरीय समन्वय बैठकमा वडा अध्यक्षहरू, कार्यपालिका सदस्य तथा शाखा प्रमुखहरूको सहभागिता थियो । बैठकमा अध्यक्ष घलानले आवश्यक बजेट विनियोजन, नीतिगत व्यवस्था, कार्यक्रम निर्माण र समन्वयात्मक भूमिकामार्फत् अभियानलाई थप सशक्त बनाउँदै अगाडि बढ्ने प्रतिबद्धता जनाए ।

त्यसैगरी, प्रमुख प्रशासकीय अधिकृतले स्थानीय सरकारलाई लागूऔषध नियन्त्रण मार्गदर्शन-२०७६ अनुसार समिति तत्काल गठन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

अभियानकै क्रममा बागमती गाउँपालिका वडा नं. ५ स्थित देवकी माध्यमिक विद्यालयमा विद्यालय सचेतना कार्यक्रम सम्पन्न गरिएको छ । वडा अध्यक्ष विजय घलानको प्रमुख आतिथ्यता तथा विद्यालयका प्रधानाध्यापक चन्द्रबहादुर थापामगरको आतिथ्यतामा सम्पन्न कार्यक्रममा शिक्षकहरू, रिकभरिङ महासंघका प्रतिनिधि तथा सिआन पुनर्स्थापना केन्द्रका प्रतिनिधिहरूको उपस्थिति थियो ।

कार्यक्रममा कक्षा ७, ८ र ९ का करिब ९० जना विद्यार्थीहरूको सक्रिय सहभागिता थियो । उनीहरूलाई लागूऔषध दुर्व्यसनका असर, रोकथामका उपाय तथा जीवन सीपसम्बन्धी सचेतना प्रदान गरिएको थियो ।

अभियानलाई थप प्रभावकारी बनाउन गाउँपालिका परिसर अगाडिको मुख्य चोकमा सन्देशमूलक होर्डिङ बोर्ड स्थापना गरिएको छ । साथै विद्यालय बाहिर धूम्रपान निषेधित क्षेत्रसम्बन्धी बोर्ड राखिनुका साथै पालिकाका मुख्य बजार क्षेत्रहरूमा सन्देशमूलक पर्चा वितरण कार्यक्रम पनि सञ्चालन गरिएको छ । समुदाय, विद्यालय तथा स्थानीय सरकारबीचको सहकार्यमा सञ्चालन भइरहेको यस अभियानले बागमती गाउँपालिकामा लागूऔषध विरुद्ध सशक्त जनआन्दोलनको आधार निर्माण गर्ने विश्वास लिइएको सिआन पुनर्स्थापना केन्द्रले जानकारी दिएको छ ।

# आफ्नो उम्मेदवारीप्रति मकवानपुरे जनता उत्साहितः राना

साझाकुरा संवाददाता

हेटौँडा, २५ माघ/ नेकपा एमाले केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा क्षेत्र नं. १ का उम्मेदवार रामेश्वर रानाले आफ्नो उम्मेदवारीले मकवानपुरे जनता खुसी र उत्साहित रहेको बताएका छन् ।

नेकपा एमालेबाट निर्वाचित वर्तमान तथा पूर्वजनप्रतिनिधिहरूको भेलालाई सम्बोधन गर्दै उम्मेदवार रानाले मुलुकलाई विद्यमान संकटबाट पार लगाउन तथा विकास र समृद्धिको बाटोमा अघि बढाउन नेकपा एमालेको जीत अपरिहार्य रहेको बताए । उनले कार्यकर्ता तथा जनप्रतिनिधिहरूलाई विचलित र अन्योलमा नपरी निर्धक्क भएर निर्वाचनमा जुट्न आग्रह गरे ।



भेलामा संविधानसभा सदस्य अनन्त पौडेलले फागुन २१ गते हुने निर्वाचन राष्ट्रियता विरोधी र राष्ट्रिय स्वाभिमानको रक्षा गर्ने शक्तिबीचको लडाइँ भएको बताए । उनले राष्ट्रिय स्वाभिमान जोगाउन नेकपा एमालेलाई विजयी बनाउन सबै एकजुट हुनुपर्नेमा जोड दिए । अब बन्ने संसदले मुलुकलाई निकास दिन नसके संविधान, लोकतन्त्रमात्र होइन राष्ट्रियतासमेत संकटमा पर्नसक्ने उनको तर्क थियो ।

त्यसैगरी, नेकपा एमाले केन्द्रीय सदस्य तथा प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले कानुनी र वैधानिकरूपमा निर्वाचन जितेर बहुमतसहित सरकार गठन गर्नुपर्ने बताए । उनले मकवानपुरमा एमालेको विगतको साखलाई कायम राख्दै संगठित रूपमा निर्वाचनको तयारीमा जुट्न आग्रह गरे ।

नेकपा एमाले केन्द्रीय लेखा आयोग सदस्य नवीन सिग्देलको अध्यक्षतामा सम्पन्न भएको भेलामा पूर्वसांसद् कृष्णप्रसाद दाहाल, प्रदेश कमिटी सदस्यहरू फुर्वादोर्जे घिसिङ, गणेशकुमारी श्रेष्ठ, नेकपा एमाले मकवानपुर जिल्ला कमिटीको उपसचिव फुर्वादोर्जे लामा, नगर कमिटी अध्यक्ष बोलबहादुर कार्की लगायतको उपस्थिति थियो ।

# शिक्षक संघ मकवानपुरको प्रतिनिधिसभा सम्पन्न

साझाकुरा संवाददाता

हेटौँडा, २५ माघ/ नेपाल शिक्षक संघ मकवानपुरको २४ औं जिल्ला प्रतिनिधिसभा हेटौंडामा सम्पन्न भएको छ । शिक्षक संघ मकवानपुरका अध्यक्ष गणेशप्रसाद हुमागाईको सभाध्यक्षतामा भएको कार्यक्रममा संघका केन्द्रिय उपाध्यक्ष सुन्तर पन्तको प्रमुख आतिथ्यता थियो ।



उक्त अवसरमा संघका सचिव श्रीराम लुइँटेलले संघको प्रगति प्रतिवेदन र सचिव धन बहादुर लामाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका प्रवक्ता अर्जनप्रसाद चौलागाई, महसमिति सदस्य दिनेश उपाध्याय, नेपाल शिक्षक मकवानपुरका सल्लाहाकार रामकुमार अधिकारी, संघ बागमती प्रदेश सदस्य ज्ञानेन्द्र बर्तौल, स्वेता कोइराला, रामकुमार अधिकारी लगायतको उपस्थिति थियो । कार्यक्रममा मकवानपुरका दशौ स्थानीय तहअन्तर्गत् शिक्षक संघका पदाधिकारीहरुको उपस्थिति थियो ।

कार्यक्रममा उत्कृष्ट पालिकाअन्तर्गत् भीमफेदी गाउँकार्य समितिसंगै प्रावि, निमावि र मावि प्रधानाध्यापकतर्फ क्रमश: थाहा नगरपालिकातर्फ कुमारी आसचन्द, बकैया गापाअन्तर्गत् सिमोन आले मगर र मनहरी गापातर्फ अर्जुन पण्डितलाई सम्मानित गरिएको थियो ।

प्रावि, निमावि र मावि विद्यालयतर्फ क्रमश कैलाश गापास्थित सुन्दरी देवी प्रावि, राक्सिराङ्ग गापास्थित वागेश्वरी आवि र हेटौँडा उपमहानगर पालिकास्थित निर्मल माविलाई सम्मानित गरिएको थियो ।

कार्यक्रममा नेपाल शिक्षक संघ मकवानपुर कार्यालय सञ्चालानार्थ नगद सहयोग प्रदान गर्नुहुने शिक्षक कल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष सुवासचन्द्र कँडेल र शिक्षक महासंघ मकवानपुरका निवर्तमान संस्थागत सहसचिव जनक घिताललाई कदरपत्र प्रदान गरिएको छ ।

# प्रहरी विद्यालयको सातौं वार्षिक उत्सव तथा अभिभावक दिवस

साझाकुरा संवाददाता

हेटौँडा, २५ माघ/ बागमती प्रदेश प्रहरी कार्यालय प्रमुख तथा नेपाल प्रहरी विद्यालयका संरक्षक प्रहरी नायव महानिरीक्षक दीपक रेग्मीको प्रमुख आतिथ्यमा विद्यालयको 'सातौं वार्षिकोत्सव एवम् अभिभावक दिवस-२०८२' कार्यक्रम सम्पन्न भएको छ ।



कार्यक्रममा नेपाल प्रहरी शिक्षालय भरतपुरका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक तारादेवी थापा, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रहरी वरिष्ठ उपरीक्षक बिनोद सिलवाल, भरतपुर महानगर पालिका शिक्षा शाखाका प्रतिनिधि अर्जुनसिंह मडै, जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख तथा विद्यालय व्यवस्थापन समितिका सदस्य प्रहरी उपरीक्षक गोविन्द पुरी, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगर चितवनका प्रमुख प्रहरी उपरीक्षक डिल्लीनारायण पाण्डेलगायतको उपस्थिति थियो ।

यसैगरी, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, विभिन्न विद्यालयका प्राचार्यहरू, विभिन्न वडा तथा इलाका प्रहरी कार्यालयका प्रमुखहरू, विद्यार्थी तथा अभिभावकहरूको सहभागिता थियो ।

कार्यक्रमका संरक्षक प्रहरी नायव महानिरीक्षक दीपक रेग्मीले मन्तव्य राख्दै शैक्षिक गुणस्तर, अनुशासन र नैतिक मूल्य अभिवृद्धिमा विद्यालयको भूमिकाको प्रशंसा गरेका छन् । साथै उनले विद्यार्थीहरूलाई अध्ययनसँगै अतिरिक्त क्रियाकलापमा समेत सक्रिय रहन आग्रह गरे ।

कार्यक्रमका क्रममा विद्यार्थीहरूले विभिन्न सांस्कृतिक नृत्य, गीत, कराँते प्रदर्शन प्रस्तुत गरेका थिए । साथै नेपाल प्रहरी ब्याण्ड तथा विपद् व्यवस्थापन टिमद्वारा आगलागी नियन्त्रणसम्बन्धी सचेतनामूलक प्रस्तुति देखाइएको थियो ।

विद्यालयको शैक्षिक, साँस्कृतिक तथा सचेतनामूलक गतिविधिहरूलाई समेट्दै कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको विद्यालयले जनाएको छ । साथै विद्यालयको प्रचार-प्रसार प्रयोजनका लागि कार्यक्रममा खिचिएका विभिन्न तस्बिरहरू पत्रसाथ संलग्न गरिएको जानकारी दिइएको छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जनस्वास्थ्य कार्यालय, मकवानपुर
हेटौंडा, नेपाल

पाठेघरको मुखको क्यान्सरविरुद्ध एच.पी.भी. खोप सञ्चालनसम्बन्धी जनहितमा जारी सन्देश

मकवानपुर जिल्ला भित्रका विद्यालयहरुमा माघ २५ गतेदेखि २९ गतेसम्म विद्यालय केन्द्रित नियमित एच.पी.भी. खोप सञ्चालन हुँदैछ। उक्त खोप कार्यक्रममा कक्षा ६ मा अध्ययनरत छात्राहरुलाई खोप लगाइदैछ । आफ्ना नानीहरु अध्ययन गर्ने विद्यालयमा पाठेघरको मुखको क्यान्सरविरुद्ध एच.पी.भी. खोप सञ्चालन हुने दिनमा खोप लगाएको/नलगाएको सुनिश्चित गर्नुहोस् । उल्लिखित मितिमा खोप लागउन छुट भएका कक्षा ६ मा अध्ययनरत छात्राहरू र विद्यालय नजाने १० वर्षका किशोरीहरूका लागि फागुन ०६ गतेदेखि फागुन २२ गतेसम्म नियमित खोप क्लिनिकहरुमा समेत पाठेघरको मुखको क्यान्सर विरुद्ध एच.पी.भी. खोप लगाइँदैछ । साथै गत वर्षको अभियानमा यो खोप लगाउन छुट भएका हाल कक्षा ७ देखि १० सम्म अध्ययनरत छात्रा वा विद्यालय नजानेको हकमा ११ देखि १४ वर्षसम्मका किशोरीहरुलाई पनि खोप लगाइनेछ । थप जानकारी चाहिएमा नजिकैको स्वास्थ्य शाखा/जनस्वास्थ्य कार्यालय/स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वयमसेविकाहरूसँग सम्पर्क राखौं वा नि:शुल्क कल सेन्टर १११५ मा सम्पर्क गरौं ।

जिल्ला खोप समन्वय समिति एवम् जनस्वास्थ्य कार्यालय, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना